# प्राईभेट/साझेदारी/कम्पनी फर्म दर्ता, नवीकरण, संशोधन तथा खारेजी का लागि आवश्यक कागजातहरुः

## १. फर्म दर्ताका लागि आवश्यक कागजातहरूः

- निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा।
- सक्कल नेपाली नागरिकता प्रमाणपत्र तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि एक प्रति। (सम्बन्धित कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ।)
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति।
- औषधि व्यवसाय दर्ताको लागि औषधि व्यवस्था विभागको सिफारिस पत्र।
- विषादीजन्य व्यवसाय दर्ताको लागि सम्बन्धित कृषि विकास कार्यालयको सिफारिस पत्र।
- साझेदारी फर्मको हकमा आन्तरिक कबुलियतनामा नेपाली कागजमा (तिन सेट)
- साझेदारी फर्मको हकमा सबै साझेदारको सक्कल नेपाली नागरिकता प्रमाणपत्र तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि एक-एक प्रति। **(सम्बन्धित कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ।)**
- अन्य (कार्यालयमा तत्कालिन समयमा आवश्यक पर्न सक्ने अन्य कागजातहरु)

  श्रोत खुलाउनु पर्नेः

  दश लाख भन्दा बढी पुँजी भएको हकमा

  - लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित सञ्चित नाफा (रिजर्भ एण्ड एक्युमुलेटेड प्रफिट) को असी प्रतिशतले हुन आउने रकम।
  - कुनै बैंक वा वित्तीय संस्थाको खातामा प्रोप्राइटर वा प्राईभेट फर्मको नाममा रहेको बचत रकमको यथार्थ विवरण ( बैंकबाट प्रमाणित सक्कल स्टेटमेन्ट)
- दश लाख वा सो भन्दा कम पुँजी भएको हकमा व्यवसायीको स्वघोषणा।

## २. कम्पनी फर्म दर्ताका लागि संलग्न गर्नुपर्ने कागजातः

- कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी।
- प्रबन्धपत्र र नियमावलीको प्रतिलिपी।
- सम्पूर्ण संचालकको नागरिकताको प्रतिलिपी।
- अभिलेख भएको शेयर दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- दुई वा दुई भन्दा बढी संचालक भएकोमा दर्ताको लागि संचालक नियुक्ति गरेको निर्णय।
- संचालक आफैं सक्कल नागरिकता सहित कार्यालयमा उपस्थित हुनुपर्ने।
- PAN/VAT दर्ता/करचुक्ताको प्रमाण पत्र।
- गत आ.व.सम्मको कम्पनी अध्यावधिक भएको पत्र।
- अन्य (कार्यालयमा तत्कालिन समयमा आवश्यक पर्न सक्ने अन्य कागजातहरु)

## ३. फर्म नवीकरणका लागि आवश्यक कागजातहरू:

- नवीकरणका लागि तोकिएको ढाँचाको निवेदन।
- फर्म दर्ताको सक्कल प्रमाण पत्र।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- फर्मले तिर्न बुझाउन पर्ने अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण।
- ५० लाख वा सो भन्दा बढी पूँजी भएको फर्मको हकमा लेखा परीक्षण प्रतिवेदन।
- पूँजी रु ५० लाख वा सो भन्दा बढी भएको प्राईभेट फर्मको हकमा सम्बन्धित प्राईभेट फर्मको प्रोप्राइटरले प्रमाणित गरेको अनुसुची-२ ख. बमोजिमको वार्षिक कारोवारको फाँटवारी।
- अन्य (कार्यालयमा तत्कालिन समयमा आवश्यक पर्न सक्ने अन्य कागजातहरु)

## ४. फर्मको व्यहोरा संशोधन, कारोबार थप र प्रतिलिपिका लागि आवश्यक कागजातहरू:

- संशोधनका लागि तोकिएको ढाँचाको निवेदन।
- फर्म दर्ताको सक्कल प्रमाण पत्र।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- फर्मले तिर्न बुझाउन पर्ने अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण,
- ५० लाख वा सो भन्दा बढी पूँजी भएको फर्मको हकमा लेखा परीक्षण प्रतिवेदन।
- प्रतिलिपि लिनका लागि निवेदन र सक्कल प्रमाण पत्र समेत लिई फर्म धनी स्वयं तीन प्रति फोटो सहित उपस्थित हुनुपर्ने छ।
- साझेदारी फर्मको हकमा साझेदारहरुको बैठकको निर्णयको प्रतिलिपी।
- साझेदारी फर्मको हकमा साझेदार थपघट गर्नुपरेमा साझेदारी ऐन, २०२० अनुसार हुने।
- सक्कल नेपाली नागरिकता प्रमाणपत्र (सम्बन्धित कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ।)
- अन्य (कार्यालयमा तत्कालिन समयमा आवश्यक पर्न सक्ने अन्य कागजातहरु)

## ५. पुँजी वृद्धिका लागि आवश्यक कागजातहरुः

- पुँजीवृद्धिका लागि तोकिएको ढाँचाको निवेदन
- फर्म दर्ताको सक्कल प्रमाणपत्र।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- फर्मले तिर्न बुझाउन पर्ने अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण,
- लेखापरीक्षण सम्बन्धी प्रतिवेदन ( पूँजी ५० लाख वा सो भन्दा बढी भएमा)
- **साझेदारी फर्मको हकमा साझेदारहरुको बैठकको निर्णयको प्रतिलिली।**

श्रोत खुलाउनु पर्नेः

- लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित सञ्चित नाफा (रिजर्भ एण्ड एक्युमुलेटेड प्रफिट) को असी प्रतिशतले हुन आउने रकम।
- दश लाख वा सो भन्दा कम पुँजी भएको हकमा व्यवसायीको स्वघोषणा
- कुनै बैंक वा वित्तीय संस्थाको खातामा प्रोप्राइटर वा प्राईभेट फर्मको नाममा रहेको बचत रकमको यथार्थ विवरण ( बैंकबाट प्रमाणित सक्कल स्टेटमेन्ट)
- अन्य (कार्यालयमा तत्कालिन समयमा आवश्यक पर्न सक्ने अन्य कागजातहरु)

## ६. प्राइभेट फर्मको नामसारीका लागि आवश्यक कागजातहरू (हकवालामा मात्र हुने)

- नामसारीकालागि तोकिएको ढाँचाको निवेदन
- फर्म दर्ताको सक्कल प्रमाणपत्र।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- फर्मले तिर्न बुझाउन पर्ने अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण,
- लेखापरीक्षण सम्बन्धी प्रतिवेदन ( पूँजी ५० लाख वा सो भन्दा बढी भएमा)
- लिने दिने दुवैको सक्कल नागरिकता, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी प्रति। (सम्बन्धित कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ।)
- प्राइभेट फर्म धनीको मृत्यु भई नामसारी गर्नु पर्ने अवस्था भएमा मृत्यु दर्ताको प्रमाणपत्र, हकवालासँगको नाता प्रमाणित कागज र अन्य हकवाला पनि भए निजको मञ्जुरीनामा।
- अन्य (कार्यालयमा तत्कालिन समयमा आवश्यक पर्न सक्ने अन्य कागजातहरु)

## ७. फर्म खारेजीका लागि आवश्यक कागजातहरूः

- फर्मको खारेजीको लागि तोकिएको ढाँचाको निवेदन।
- फर्म दर्ताको सक्कल प्रमाण पत्र।
- सक्कल नेपाली नागरिकता प्रमाणपत्र सहित प्रोप्राईटर स्वयं कार्यालयमा उपस्थित हुनु पर्ने छ। (कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ।)
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी।
- प्राईभेट फर्मले तिर्न बुझाउन पर्ने अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण।
- प्राईभेट फर्म सञ्चालनमा नरहेको भए सम्बन्धित वडा कार्यालयको सिफारिस।
- लेखापरीक्षण सम्बन्धी प्रतिवेदन ( पूँजी ५० लाख वा सो भन्दा बढी भएमा)
- **साझेदारी फर्मको हकमा साझेदारहरुको बैठकको निर्णयको प्रतिलिपी।**
- **साझेदारी फर्मको हकमा सबै साझेदारको सक्कल नेपाली नागरिकता प्रमाणपत्र सहित सम्पूर्ण साझेदार कार्यालयमा स्वयं उपस्थित हुनुपर्ने छ। (कार्यालयबाट नेपाली नागरिकता प्रमाणपत्रको सक्कल प्रतिलिपि रुजु भएपछि तुरुन्त फिर्ता हुनेछ।)**
- अन्य (कार्यालयमा तत्कालिन समयमा आवश्यक पर्न सक्ने अन्य कागजातहरु)